मिति २०८२।०२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२।०२।०६ गते।

बैठक बसेको समयः बिहान ९.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |

मिति २०८२।०२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने। | सामाजिक विकास शाखा |
| २. | टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रमको सेवा व्यवस्थापन गर्ने। | स्वास्थ्य शाखा |
| ३. | घरजग्गा रजिष्ट्रेशन पारितको लागि न्यूनतम मूल्याङ्कन सम्बन्धमा। | राजस्व प्रशासन उपशाखा |
| ४. | खर्च अनुमोदन गर्ने | शिक्षा तथा खेलकुद विकास शाखा |
| ५. | करारको कर्मचारीहरुको विदा सम्बन्धमा | प्रशासन शाखा |
| ६. | मेसिनरी आइटम खरिदको भूक्तानी सम्बन्धमा | कृषि विकास शाखा |
| ७. | अस्पताललाइ प्रोत्साहन भत्ता उपलब्ध गराउने | स्वास्थ्य शाखा |
| ८. | आर्थिक सहयोग सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ९. | डुडे विद्यालयको पूर्वाधार मर्मत सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| १०. | शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा | शिक्षा शाखा |
| ११. | मोटरसाइकल मर्मत खर्च भुक्तानी दिने | आर्थिक प्रशासन शाखा |
| १२. | पोषण केन्द्रीत विपद् व्यवस्थापन योजना स्वीकृत गर्ने | सामाजिक विकास शाखा |



CamScanner

मिति २०८२।०२।०६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**निर्णय नं. १**

**प्रस्ताव नं. १** माथि छलफल गर्दा वागमती प्रदेश सरकारको नीति बमोजिम आउँदो ज्येष्ठ १५ गते सम्ममा आ-आफ्नो पालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्नुपर्ने जानकारी प्राप्त भएको छ । यस गाउँपालिकाको सबै वडाहरुबाट प्राप्त औपचारिक जानकारी बमोजिम कुनै पनि वडामा सडक बालबालिकाहरु नभएकोले यस तीनपाटन गाउँपालिकालाई सडक बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने सर्वसम्मत निर्णय गरियो। साथै यसै घोषणालाई औपचारिकता प्रदान गरी बागमती प्रदेश सरकारलाई तोकिएको माध्यमबाट जानकारी दिने सर्वसम्मत निर्णय गरियो। यस कार्यक्रमलाई निरन्तरता दिन थप पहल र थालनी गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

**प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस गाउँपालिकाले सञ्चालन गरेको टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रमको सेवा केन्द्रहरुको स्थलगत अनुगमन गर्दा र समीक्षा वैठकमा भएको निष्कर्ष बमोजिम विभिन्न वडाका ९ वडा सेवा केन्द्रहरु स्वास्थ्य संस्थाबाट नजिक र ती केन्द्रहरुमा न्यूनतम भौतिक पूर्वाधार अभाव भएकोले ती केन्द्रहरु बढी अवैज्ञानिक र अव्यवहारिक भएकोले उक्त केन्द्रहरु आगामी श्रावण १ गतेबाट लागु हुने गरी थप व्यवस्थित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

**प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाभित्र रहेका जग्गाको मूल्याङ्कन दर रेट राजस्व परामर्श समितिको मिति २०८२।२।५ गतेको बैठकको सिफारिस बमोजिम पेश भएको दररेट आगामी आर्थिक वर्षको लागि कायम गर्न जिल्ला मालपोत कार्यालय सिन्धुलीमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. ४**

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस पालिकाको खेलकुद विकास शाखाबाट अन्य पालिकाको आयोजनामा भएका भलिवल प्रतियोगिताहरुमा लागेको खेलाडि व्यवस्थापन लगायतको कार्यमा भएको खर्च रु ५० हजार खर्च भुक्तानी दिने र वडा नं. १० मा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रममा भएको खर्च रु २० हजार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको विदा महिनाको १ (एक) दिन मात्र रहेको, धेरै संख्यामा रहेको कर्मचारीहरुलाई विदा दिंदा सेवा प्रवाह समेत प्रभावित भएकोले उक्त विदा दिने नीति थप व्यवहारिक र वैज्ञानिक बनाउन तपसिल बमोजिम हुने गरी गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

१ सुत्केरी विदा-९८ दिन, सुत्केरी स्याहार विदा-१५ दिन

२. विरामी विदा-स्वास्थ्य संस्थाको रिपोर्ट बमोजिम

३. किरिया विदा- १५ दिन

४. परीक्षामा सहभागी हुने विदा- बढीमा ५ दिन
५. मासिक विदा-२ दिन

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस गाउँपालिकाको कृषि विकास शाखाबाट विनियोजित वजेट अन्तर्गत मकैवाली प्रवर्धन कार्यक्रम कार्यान्वयनका क्रममा पालिकासँग संझौता गरेका कृषक समुहरु कटहरे कृषक समुह र वेलटार कृषक समुहले मेसिनरी सामानहरु सोझै खरिद गरेको पाइएकोले उक्त कार्य सार्वजनिक खरिद ऐन र नियमावली विपरित भएको देखिएकोले खरिद भएको खरिद प्रकृया पुर्याइ कार्य सम्पन्न प्रतिवेदनको आधारमा उक्त सामानहरुको विल वापतको भूक्तानी सम्वन्धित आपूर्तिकर्ताहरुलाइनै दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा सिन्धुली जिल्ला अस्पत्तालको च.नं. ७४०, मिति २०८१।११।०६ को पत्रानुसार अस्पत्तालमा कार्यरत विशेषज्ञ चिकित्सकहरुको लागि प्रोत्साहन भत्ता सम्बन्धमा अनुरोध भई आएकोले उक्त अस्पत्ताललाई रु ३ लाख मिल्दो शीर्षकबाट भूक्तानी गर्ने निर्णय सर्वसम्मत गरियो।

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यालयमा राष्ट्रिय युवा संघ, नेपालको च.नं. १२, मिति २०८२।२।१ को पत्रानुसार आर्थिक सहयोग प्रदान गर्नु हुन भनी अनुरोध भइ आएकोले उक्त संघलाई रु २५ हजार सहयोग स्वरुप भूक्तानी गर्ने निर्णय सर्वसम्मत गरियो।

**निर्णय नं. ९**

**प्रस्ताव नं. ९** माथि छलफल गर्दा वडा नं. ३ मा अवस्थित डुडे विद्यालयको पूर्वाधार संरचना कमजोर भइ पठनपाठनमा समस्या भएकोले प्राविधिक स्टिमेट बमोजिम आकस्मिक कोषबाट भूक्तानी हुने गरी उक्त पूर्वाधार मर्मत( भुइतलाको ग्रील र चेन गेट) गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०**

**प्रस्ताव नं. १०** माथि छलफल गर्दा मिति २०७२।२।६ गते सम्पन्न भएको यस गाउँपालिकाको शिक्षा समितिको वैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।



CamScanner

**निर्णय नं. ११**

**प्रस्ताव नं. ११** माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ११ र १० को वडा अध्यक्षहरुले प्रयोग गर्नु भएको मोटरसाइकलको मर्मत खर्च बिल बमोजिम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १२**

**प्रस्ताव नं. १२** माथि छलफल गर्दा यस गाउँपालिका पोषण मैत्री पालिका घोषणा गर्न गइरहेको सन्दर्भमा यस गाउँपालिकाले पौषण सम्बद्ध सूचक प्राप्त गर्नुपर्ने भएकोले उक्त कार्यको लागि सामाजिक विकास शाखाबाट प्राप्त भएको पोषण केन्द्रीत विपद् व्यवस्थापन योजना स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो**